बैठक संख्या: ७४
मिति: २०७९।०९।०२
समय: बिहान २:०० बजे
स्थान: गाउँ कार्यपालिकाको कार्यालय

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा ७४ औं कार्यपालिकाको पुन:बैठक आज मिति २०७९।०९।०२ शनिबारका दिन दिनको २:०० बजे देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री ङिमा याङजिन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | मोहन प्रसाद चापागाईं | |
| १५ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| १६ | सव ईञ्जिनियर | ऋषिराज कुमार राम | |
| १७ | सव ईञ्जिनियर | दिपकुमार बस्नेत | |
| १८ | प्रशासनिक कर्मचारी | छत्रबहादुर खड्का | |
| १९ | असिष्टेण्ट सव ईञ्जिनियर | पासाङडोमा शेर्पा | |

**निर्णयहरु**

**<u>निर्णय नं. १</u>**

७३ औं बैठकको निर्णय कार्यान्वयनको अवस्था समीक्षा गरियो ।

**<u>निर्णय नं. २</u>**

यस गाउँपालिका क्षेत्र भित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाहरु केही व्यक्ति, संस्थाबाट अतिक्रमण गरेको, बिना अनुमति प्रयोग गरिरहेको, ट्र्याक ओपन गरिएको डिमदोर्जी शेर्पा पर्यटन सडक क्षेत्रमा खच्चड तथा जोक्पे बाँध्ने गरेको, फोहोर पानी छाड्ने गरेको तथा बजार क्षेत्रको सार्वजनिक सेड ब्याक तथा बाटोमा सामान फिंजाई बेचबिखन गरिरहेकाले यस्ता प्रकृतिका कामहरु नगर्न नगराउन र गरिरहैको भए तुरुन्त हटाउन पत्रचार गर्ने ।

**<u>निर्णय नं. ३</u>**

खरिखोला माध्यमिक विद्यालयक भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि भारतीय दूतावासमा प्रस्ताव पेश गर्ने ।

**<u>निर्णय नं. ४</u>**

खुम्बु पासाङल्हामु गाउँपालिकाको नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन कार्यविधि, २०७९ दफा ४ अनुसार औषधी उपचार खर्च पाउँ भनी यस देहायका बिरामीहरुले यस कार्यालयमा निवेद पेश गरेको हुँदा उपचार सेवा कोष सञ्चालन कार्यविधि लागू भए पश्चातको मात्र बिल भर्पाई स्वीकृत गरी भुक्तानी गर्ने ।

| क्र.सं. | बिरामी नाम | ठेगाना | रोग | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | सनकुमारी तामाङ | वडा नं. २ | पाठेघरको क्यान्सर | |
| २ | निमा फुटी शेर्पा | वडा नं. २ | ब्रेन क्यान्सर | |
| ३ | तेण्डी शेर्पा | वडा नं. २ | मृगौला रोगी | |
| ४ | रिछिरी शेर्पा | वडा नं. १ | घाँटीमा समस्या | |
| ५ | पासाङ याङजी शेर्पा | वडा नं. ३ | मुटु रेगी | |
| ६ | छत्रबहादुर राई | वडा नं. २ | दम तथा उच्च रक्तचाप | |
| ७ | कर्मा छम्जी शेर्पा (मृत्यु) | वडा नं. १ | क्यान्सर | |
| ८ | बोली माया वि.क. | वडा नं. ३ | पाठेघर क्यान्सर | |

**<u>निर्णय नं. ५</u>**

लेक लागेर तथा विभिन्न कारणले पर्वतारोहण तथा ट्रेकिङमा गई मृत्यु भएका व्यक्तिहरुको शव पोष्टमार्टम गर्ने प्रयोजनका लागि हेलिकोप्टर मार्फत तेञ्जिङ हिलारी विमानास्थल लुक्ला स्थित हेलिप्याडमा ल्याई जिल्ला अस्पताल फाप्लुसम्म नपुर्‍याईञ्जेल अव्यवस्थित रहेकाले शवलाई जिल्ला अस्पताल फाप्लु नपठाईञ्जेल व्यवस्थित तरिकाले राख्न हेलिप्याडमा शव गृह निर्माण गर्ने ।

**<u>निर्णय नं. ६</u>**

यस गाउँपालिकाको वडा नं. ३ छेप्लुङदेखि लार्चा दोभानसम्मको पर्यटकीय पदमार्ग पर्यटक, स्थानीय नागरिक, खच्चड तथा जोक्पे सबैले प्रयोग गर्ने गरिएको छ । पर्यटकीय सिजनमा पर्यटक तथा पर्यटन व्यवसायसँग आबद्ध व्यक्तिहरु, भरियाहरु खच्चड तथा जोक्पेले एउटै पदमार्ग प्रयोग गर्दा पर्यटकहरु निर्धारित समयमा गन्तव्यमा नपुग्ने, खच्चड तथा जोक्पेले धकेलेर लडी घाईते हुने निर्माण गरिएको पदमार्ग छिटो बिग्रने तथा भत्किने जस्ता समस्या आएको भनी यस कार्यालयमा गुनासो प्राप्त भएकाले वैकल्पिक बाटो निर्माण गर्न तथा रोपवे निर्माणका लागि आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि देहाय अनुसारको समिति गठन गर्ने ।

- वडा नं. ३ का वडाध्यक्ष श्री नुरु जाङबु शेर्पा- संयोजक
- सम्बन्धित टोलका टोल विकास समितिका अध्यक्ष- सदस्य
- प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

**<u>निर्णय नं. ७</u>**

गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक कनी, मनी, स्तुपा लगायत साँस्कृतिक तथा पुरातात्विक सम्पदाको निर्माण तथा स्थानान्तरण गर्न सम्बन्धित पक्षले अनिवार्य रुपमा गाउँपालिकाको अनुमति लिनु पर्ने ।

**<u>निर्णय नं. ८</u>**

यस गाउँपालिकाको वडा नं. २ सुर्के र वडा नं. ५ थामेका इन्टरनेट विस्तारका लागि आवश्यक पर्ने फाइबर केबल ढुवानीका लागि प्राविधिक लागत अनुमान अनुसारको बजेट कन्टेण्जेन्सी शीर्षकबाट विनियोजन गर्ने ।

**<u>निर्णय नं. ९</u>**

खुम्बु क्षेत्रमा सञ्चालित अनियन्त्रित तथा अव्यवस्थित हेलिकप्टरहरुले विभिन्न समस्याहरु सृजना भएको भनी व्यापक जनगुनासो प्राप्त भएकाले सो को समाधानका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय बैठकको आयोजना गरी समस्याको समाधान गर्न पहल गर्ने ।

**<u>निर्णय नं. १०</u>**

सङ्घीय शिक्षा प्रणालीको संरचना अनुसार हाल आधारभूत तहको गाउँपालिका स्तरीय परीक्षा कक्षा ८ मा सञ्चालन हुने गरेको तर कक्षा ५ को परीक्षालाई पनि गाउपालिका स्तरीय सञ्चालन गर्न सकेको खण्डमा शिक्षामा गुणस्तरीयता कायम हुने भनी सुझाव प्राप्त भएकाले शैक्षिक सत्र २०७९ देखि कक्षा ५ को परीक्षा पनि गाउँपालिका स्तरीय परीक्षा सञ्चालन गर्ने ।

**<u>निर्णय नं. ११</u>**

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट कार्यपालिका बैठक तथा अन्य बैठकमा योजना माग तथा अन्य प्रगति विवरण पेश गर्दा वडा समितिको निर्णय बेगर पेश गर्ने गरेकाले अब उप्रान्त कार्यपालिका बैठकमा उपस्थित हुँदा अनिवार्य वडा समितिको बैठकको निर्णय पेश गर्ने ।

**निर्णय नं. १२**

गाउँपालिका भित्र पशुपालन गर्ने व्यवसायीलाई प्रोत्सहान भत्ता उपलब्ध गराउन पशुपालन कृषकहरुका लागि प्रोत्साहन भत्ता कार्यविधि तयार गरी पेश गर्न सुशासन तथा संस्थागत विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. १३**

भौतिक पूर्वाधार बाहेक अन्य प्रबर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्नका लागि शर्तहरु निर्धारण गरी प्रस्ताव माग गरी कार्यक्रम कार्यान्वयन गर्ने लाभग्राही समुदायको सहजताका लागि कार्यालयबाट नमूना प्रस्ताव तयार गरी यस कार्यालयको वेबसाईटमा अपलोड गर्ने ।

**निर्णय नं. १४**

भू तथा जलाधार संरक्षण कार्यालय सोलुखुम्बु र सिञ्चाई सवडिभिजन कार्यालय सोलुखुम्बुमा देहायमा उल्लेखित आयोजना कार्यान्वयन गरिदिनु अनुरोध गर्ने ।

क) थामे पहिरो नियन्त्रण खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५
ख) मिलिङ्गो पहिरो नियन्त्रण खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४
ग) खुम्बु बिजुली कम्पनी मर्मत सम्भार खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५

**निर्णय नं. १५**

पर्यटन शुल्क Trek Card System Launch गरी संकलन गर्दा नाम्चे टिकट काउण्टर मर्मत गर्दा लागेको खर्च प्राविधिक प्रतिवेदन अनुसार अत्यावश्यकीय योजना सञ्चालन शीर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं. १६**

यस गाउँपालिकाबाट Trial का रुपमा सञ्चालित Trek Card System सफल भएकाले January, 2023 देखि उक्त पर्यटन शुल्क संकलन गर्ने कार्य अनिवार्य रुपमा Trek Card System बाट संकलन गर्ने, सो System को System Audit गर्ने तथा सो सिष्टममा रजिष्टर हुन सबै ट्रेकर्स, पोर्टर, पर्यटक गाईड तथा सहयोगी स्टाफलाई अनुरोध गर्ने ।

**निर्णय नं. १७**

NMA ले सञ्चालन गरिरहेको लबुचे, तबुचे लगायतका अधिकांश पिकहरुमा अवैधानिक पर्वतारोहण गरिरहेको र सो को अनुगमन गर्न र त्यसमा चढ्ने कामदारहरुको NMA ले निर्धारण गरेको ज्याला दरको अनुगमन गाउँपालिकाले गर्न अत्यावश्यक भएकाले सो विषयमा NMA र गाउँपालिका बीच समन्वय बैठक बस्न NMA लाई पत्रचार गर्ने ।

**निर्णय नं. १८**

यस गाउँपालिकाको अनुरोधमा वडा नं. ४ मा स्थापना भएको दिङबोचे प्रहरी चौकीमा दरबन्दी कायम गरी नियमित रुपमा शान्ति सुरक्षा प्रदान गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुमा अनुरोध गर्ने ।

**निर्णय नं. १९**

यस गाउँपालिकामा सञ्चालन हुने सवारी साधन व्यवसायीहरुले आफू खुशी मनोमानी ढङ्गबाट सवारी साधन सञ्चालन गर्ने क्यू सिष्टम तथा भाडा दर निर्धारण गरेको भनी गाउँपालिकामा सर्वसाधरण नागरिकको गुनासो प्राप्त भएकाले सवारी साधनधनी, माप्य दूधकोशी गाउँपालिका र यस गाउँपालिका बीच समन्वय बैठक बसी क्यू सिष्टम तथा भाडा निर्धारण गर्ने ।

**निर्णय नं. २०**

यस गाउँपालिकाद्वारा सञ्चालिन मञ्जु श्री आधारभूत बौद्ध विद्यालयमा कक्षा ४ देखि सँस्कृत विषयको पठनपाठन गर्ने गराउने ।

**निर्णय नं. २१**

आ.व. ०७७/०७८ मा ङिमदोर्जी शेर्पा पर्यटन सडकको काँडे- थामडाँडा सडक खण्डको ट्र्याक ओपन गर्दा भएको खर्च भुक्तानी सगरमाथा हाईड्रो पावर र शिल्क पावर कम्पनीले ५०% र यस गाउँपालिकाले ५०% भुक्तानी गर्ने सहमति भएको तर हाईड्रो कम्पनीको तर्फबाट भुक्तानी हुनु पर्ने रकम हालसम्म भुक्तानी हालसम्म उपभोक्ता समितिलाई नगरी उपभोक्ता समितिले यस कार्यालयमा भुक्तानी पाउँ भनी पटक पटक अनुरोध भई आएकाले भुक्तानी हुन बाँकी रकम रु २२ लाख ५० हजार उपभोक्ता समितिलाई भुक्तानी गरिदिन दुवै हाईड्रो कम्पनीलाई अनुरोध गर्ने ।

**निर्णय नं. २२**

सङ्घीय समपूरक तथा विशेष अनुदानबाट आ. व. २०८०/८१ मा कार्यान्वयन हुने
आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्न राष्ट्रिय योजना आयोगबाट मितिः२०७९/०८/१९ सूचना प्रकाशित भएको हुँदा देहायमा उल्लेखित योजनाहरुको प्रस्ताव पेश गर्ने ।

**समपूरक अनुदानबाट सञ्चालन हुने प्रस्तावित आयोजनाहरु**

१ ङिमदोर्जी शेर्पा पर्यटन सडकको ट्र्याक ओपन खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ र २
२ खरिखोला/पैंयाखोला सडक पुल खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १
३ एभरेष्ट ट्रेकिङ ट्रेल निर्माण
४ दिङबोचे खानेपानी निर्माण खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४
५ नाम्चे सभा हल निर्माण खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५

**विशेष अनुदानबाट सञ्चालन हुने प्रस्तावित आयोजनाहरु**

१ खरिखोला खानेपानी निर्माण खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १
२ फोहोरमैला व्यवस्थापन
३ पाङबोचे खानेपानी निर्माण खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४
४ ङिमदोर्जी शेर्पा पर्यटन सडकको स्तरोन्नति खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १
५ ठूलो गुमेला खानेपानी निर्माण खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं.३

**निर्णय नं. २३**

विभिन्न मितिमा विभिन्न भौचर नं बाट भएको देहाय अनुसारको खर्च अनुमोदन गरियो ।

| क्र.सं. | खर्च विवरण | खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|
| १ | टोल विकास संस्था गठन गर्दा भएको खर्च भुक्तानी | विविध | ५६३,१००.०० |
| २ | मौला पूजा खर्च | विविध | ३०,०००.०० |
| ३ | गाउँपालिका राष्ट्रिय महासंघको सदस्यता शुल्क र नवीकरण | विविध | ५०,०००.०० |
| ४ | मतदाता शिक्षा सञ्चालन | विविध | ११५,०००.०० |
| ५ | लुक्ला टिकट काउण्टर मर्मत | मर्मत सम्भार कोष | ५०,०००.०० |
| ६ | दिङबोचे इम्जा काठेपुल मर्मत | मर्मत सम्भार कोष | २५०,०००.०० |
| ७ | कार्यालयको स्टोर कोठामा र्‍याक निर्माण र कार्पेट | मर्मत सम्भार कोष | ६३,६५६.०० |
| ८ | बाटो मर्मत | मर्मत सम्भार कोष | १६,९००.०० |
| ९ | वडा नं. ४ का फूर्वा छेतेन शेर्पाको उद्धार | विपद् व्यवस्थापन कोष | ८०,०००.०० |
| १० | खुम्जुङ खुन्दे पहिरो नियन्त्रण | विपद् व्यवस्थापन कोष | २५०,०००.०० |
| ११ | वडा नं. ३ का लाक्पा नुरु शेर्पाको घर आगलागी राहत | विपद् व्यवस्थापन कोष | २००,०००.०० |
| १२ | वडा नं. ३ को बाढी पहिरोपिडित  राहत भरत मगर | विपद् व्यवस्थापन कोष | १५०,०००.०० |
| १३ | वडा नं. १ को घाँटी रोगी रिछिरी शेर्पाको उद्धार | विपद् व्यवस्थापन कोष | ७०,०००.०० |
| १४ | वडा नं. १ घाँटीको क्यान्सर रोगी रिञ्जी शेर्पा | विपद् व्यवस्थापन कोष | ५०,०००.०० |
| १५ | वडा नं. ४ का मुटुरोगी निमादोर्जी शेर्पाको उद्धार खर्च भुक्तानी हुन बाँकी | विपद् व्यवस्थापन कोष | २४०,०००.०० |
| १६ | वडा नं. ३ का मुटुरोगी पासाङयाङजी शेर्पाको उद्धार | विपद् व्यवस्थापन कोष | |

**निर्णय नं. २४**

यस गाउँपालिकाबाट सञ्चालित टोकटोक खोप केन्द्रको नजिकै गाउँपालिकाको अनुमति लिई हिमालयन शेर्पा अस्पताल निर्ण भई सञ्चालनमा आएकाले उक्त खोप केन्द्रबाट उपलब्ध गराईने सुविधा अब उप्रान्त हिमालयन शेर्पा अस्पतालबाट उपलब्ध गराउन गाउँपालिका र अस्पताल बीच सम्झौता गर्ने ।

**निर्णय नं. २५**

गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्न सार्वजनिक सूचना आह्वान गर्ने ।